annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक १६, पृष्ठ ८ | काठमाडौं, शनिबार २ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | SATURDAY, MAY 16, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार


# जेन-जी आन्दोलनले आर्थिक बेथिति

## १ सय ७९ निकायको हिसाब परीक्षणै हुन सकेन

महालेखा परीक्षकको कार्यालयले राष्ट्रपतिसमक्ष पेस गरेको ६३औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/०८२ सम्म मुलुकको कुल बेरुजु ७ खर्ब ५५ अर्ब रुपैयाँ पुगेको छ। वर्ष दिनमै ८८ अर्ब ९ करोड बेरुजु थपिएको छ। यस वर्ष 'जेन-जी आन्दोलन'का कारण १ सय ७९ वटा कार्यालय र निकायको स्रेस्ता पेस हुन नसक्दा १ खर्ब ४७ अर्ब ९० करोड रुपैयाँबराबरको लेखा परीक्षण हुन सकेन।

**सुरेन्द्र काफ्ले/सुनिता कार्की** | *काठमाडौं*

विस्तृत पृष्ठ २




भित्री पृष्ठ



गीत-संगीतको त्यो मन्दिर ! - पृष्ठ ३


नेपालदेखि अस्ट्रेलियासम्म संगीतको नशा - पृष्ठ ४


मुन्दुम, मिथक र माटो - पृष्ठ ५


लुम्बिनीमा पनि घटाइँदै मन्त्रालय - पृष्ठ ६


# कुनै बेला विज्ञापनले हराभरा होर्डिङ बोर्ड व्यवसाय संकटमा

## डिजिटल बजार र नीतिगत अस्पष्टता बाधक

**संजीप घिमिरे** | *काठमाडौं*

कुनै समय विज्ञापन राख्नका लागि पालो कुर्नुपर्ने होर्डिङ बोर्डहरू अहिले भने खाली र सुनसान देखिन थालेका छन्। सहरका चोकमा, घरका छतमा र सडकका छेउछाउमा ठड्याइएका अधिकांश बोर्डहरूमा यतिबेला विज्ञापन छैनन्। विज्ञापन नभएपछि व्यवसायीले तिनको मर्मत-सम्भारमा समेत चासो दिएको देखिँदैन। कुनै बेलाका आकर्षक र रंगीचंगी बोर्डहरू यतिबेला धुलो र खियाका कारण कुरुप देखिएका छन्।

भक्तपुरको सूर्यविनायक-१०, साँगास्थित एक दर्जनभन्दा बढी होर्डिङ बोर्डहरूले वर्षौंदेखि कुनै पनि प्रचार सामग्री प्रदर्शन गर्न नसक्दा व्यवसायी मात्र होइन, स्थानीयसमेत चिन्ता व्यक्त गर्दछन्। अरनिको राजमार्ग हुँदै यात्रा गर्ने यात्रुहरूको आँखा पर्ने यी होर्डिङ बोर्डहरू कुनै समय यस बस्तीकै पहिचान जस्तै बनेका थिए। 'होर्डिङ बोर्डहरू राख्न दिएबापत हाम्रो पाखोबारीबाट पनि राम्रै आम्दानी हुन्थ्यो,' स्थानीय सुवर्ण कार्की भन्छन्, 'अहिले त भएकै बोर्डहरू पनि रित्ता छन्, व्यवसायीहरू आउनै छाडे।'




कोभिड-१९ को महामारीपछि होर्डिङ बोर्डको व्यवसाय थला परेको र अझै तंग्रिन नसकेको विज्ञापन व्यवसायी मौलिक कोइराला बताउँछन्। सवारीसाधन, निर्माण सामग्री, खाद्य वस्तु, इलेक्ट्रोनिक सामान, शैक्षिक संस्थाहरू र बहुराष्ट्रिय उत्पादनलगायत विज्ञापनले कुनै समय होर्डिङ बोर्ड व्यवसाय हराभरा हुने गरेको विगत सम्झँदै व्यवसायी कोइराला भन्छन्, 'अहिले कम्पनीहरू आफैं आर्थिक रूपमा धराशायी भएकाले उनीहरूले आर्थिक मितव्ययिता अपनाउँदै विज्ञापनको बजेटमा भारी कटौती गरेका छन्।'

### एनसेलले हटायो होर्डिङ बोर्ड

भक्तपुर नगर क्षेत्रबाट विगत पाँच वर्षयता बहुराष्ट्रिय दूरसञ्चार कम्पनी एनसेलले आफ्ना होर्डिङ बोर्डहरू हटाएको छ। विगतमा १०० स्क्वायर फिटको एउटा बोर्डबापत वार्षिक ३ लाख रुपैयाँसम्म कर तिर्दै आएको एनसेलले पछिल्लो समय आफ्ना सबै होर्डिङ बोर्डहरू हटाएको भक्तपुर नगरपालिकाका कर अधिकृत प्रभाष चालिसेले बताएका छन्। 'बोर्ड राख्दा स्थानीय पालिकाको मात्र आम्दानी बढ्दैन, घरधनी र विज्ञापन एजेन्सीको पनि राम्रो कमाइ हुन्छ,' उनले भने, 'तर, पछिल्लो समय व्यवसायीहरू नयाँ होर्डिङ बोर्डको स्वीकृतिका लागि आउनै छाडेका छन्।'

» बाँकी पृष्ठ ६

# चार वर्षपछि भारतमा बढ्यो इन्धनको मूल्य

**नयाँदिल्ली** (एजेन्सी): भारतमा पेट्रोलियम पदार्थको मूल्य बढेको छ। भारतीय सरकारी तेल कम्पनीहरूले शुक्रबार पेट्रोल र डिजेलको मूल्यमा तीन प्रतिशतभन्दा बढीले वृद्धि गरेका छन्। फेब्रुअरीमा युद्ध सुरु भएपछि भारतमा अटोमोबाइल इन्धनको मूल्य बढाइएको यो पहिलोपटक हो। समग्रमा ४ वर्षमा नियमित रूपमा इन्धनको मूल्य बढाइएको समेत यो नै पहिलो घटना हो। इरान युद्धमा हर्मुज नाकाबन्दी गरिएपछि इन्धन वितरणमा प्रभाव परेको छ।

इन्डियन आयल कर्पोरेसनका अनुसार नयाँ मूल्यसूची लागू भएसँगै राजधानी नयाँदिल्लीमा पेट्रोलको मूल्य प्रतिलिटर ९४.७७ भारतीय रुपैयाँबाट बढेर ९७.७७ र डिजेलको मूल्य प्रतिलिटर ८७.६७ बाट बढेर ९०.६७ पुगेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले ऊर्जा खपत नियन्त्रण गर्न आह्वान गरेका छन्। दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले सरकारी कर्मचारीहरूलाई हप्तामा दुई दिन घरबाटै काम गर्न निर्देशन दिँदै सर्वसाधारणलाई निजी सवारीसाधनको सट्टा सार्वजनिक यातायात प्रयोग गर्न आग्रह गरेकी छन्।

# तानातानमा गुप्तचर विभाग

**अजवी पौड्याल** | *काठमाडौं*

सरकारले राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर विभाग)लाई पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत ल्याएको छ। वैशाख ३० गते बसेको मन्त्रिपरिषद् बैठकले कार्यविभाजन नियमावली स्वीकृत गर्दै गृह मन्त्रालय मातहत पुऱ्याइएको विभागलाई प्रधानमन्त्रीकै कार्यक्षेत्रभित्र फर्काउने निर्णय गरेको हो।

गत असोजमा तत्कालीन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले प्रधानमन्त्री कार्यालय मातहत रहेको यस विभागलाई गृह मन्त्रालयअन्तर्गत राख्ने निर्णय गरेको थियो। नेपाल सरकारका चार सुरक्षा निकायमध्ये प्रमुख इन्टेलिजेन्स संस्थाका रूपमा स्थापित यो विभाग आन्तरिक एवं राष्ट्रिय सुरक्षाका लागि आवश्यक सबै प्रकारका सूचना संकलन गर्ने जिम्मेवारी बोकेको संघीय संरचना हो।

नेपालमा इन्टेलिजेन्सको विकास र राज्यलाई महत्त्वपूर्ण सूचना प्रवाह गर्ने उद्देश्यका साथ २००८ सालमा यस विभागको स्थापना भएको थियो। तत्कालीन गृहमन्त्री बीपी कोइरालाको पालामा यसलाई 'सेन्ट्रल इन्टेलिजेन्स ब्युरो'का रूपमा गठन गरिएको भए तापनि कानुनी रूपमा 'विशेष सेवा ऐन' भने २०४२ मा मात्र जारी भयो। उक्त ऐन तर्जुमा हुँदा विभाग गृह मन्त्रालयअन्तर्गत रहने स्पष्ट व्यवस्था थियो। तर, २०७४ को निर्वाचनमा तत्कालीन एमाले र माओवादी गठबन्धनले करिब दुईतिहाइ बहुमत ल्याएपछि प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले कार्यविभाजन नियमावली संशोधन गरेर विभागलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याएका थिए।




स्थापनाकालदेखि नै नीतिगत स्पष्टता नहुँदा गुप्तचर विभाग राजनीतिक नेतृत्वको तानातानमा पर्दै आएको छ। अहिलेसम्म यस विभागलाई कुन निकाय मातहत राखेर सञ्चालन गर्ने भन्ने विषयमा स्थायी नीति बन्न सकेको छैन। प्रधानमन्त्री र गृहमन्त्रीको राजनीतिक इच्छा र आवश्यकताका आधारमा विभागको ओत फेरिने गरेको छ। यस प्रकारको अस्थिरताले विभागको कार्यसम्पादन र प्रभावकारितामा समेत गम्भीर असर पुऱ्याएको विज्ञहरू बताउँछन्। पछिल्लो समय जेन-जी आन्दोलनका बेला समयमै सूचना प्राप्त हुन नसकेको भन्दै विभागको आलोचना भएको थियो। तर, गुप्तचरका कर्मचारीहरू भने विभागले पठाएका संवेदनशील सूचना र इमेलहरू तत्कालीन राजनीतिक नेतृत्व (गृहमन्त्री र प्रधानमन्त्री)ले अध्ययन नै नगरी रद्दीको टोकरीमा मिल्काउने गरेका कारण सुरक्षा चुनौती थपिएको दाबी गर्छन्।

विभागका एक उच्च अधिकारीका अनुसार देशको सुरक्षा र इन्टेलिजेन्समा रणनीतिक पहुँच राख्ने यो संस्थालाई अब कानुनी रूपमै स्थायित्व प्रदान गरिनु आवश्यक छ। नेतृत्वको व्यक्तिगत मुडअनुसार विभागको मातहत फेरिरहँदा यसको दीर्घकालीन कार्ययोजनामा व्यापक असर पर्ने उनको भनाइ छ। 'नेपालको गुप्तचर संयन्त्रमा सुधार गर्नुपर्ने थुप्रै पाटाहरू छन्। विभागलाई थप अधिकारसम्पन्न बनाउनुका साथै समयको मागअनुसार यसको पूर्ण डिजिटलाइजेसन गर्न जरुरी छ। संगठनलाई अत्याधुनिक प्रविधिमैत्री बनाउन, स्रोत-साधन थप्न, दक्ष जनशक्ति भित्र्याउन र कर्मचारीहरूको सेवा-सुविधामा समयानुकूल वृद्धि गर्न अविलम्ब कदम चाल्नुपर्छ,' उनले भने।

ती अधिकारीका अनुसार संसारभरका जासुसी र इन्टेलिजेन्स निकायहरूलाई कार्यकारी प्रमुख वा प्रधानमन्त्रीकै मातहतमा राख्ने अन्तर्राष्ट्रिय प्रचलन छ। 'भारतको रअ प्रधानमन्त्रीअन्तर्गत र अमेरिकाको सीआईए राष्ट्रपतिको मातहतमा रहे जस्तै नेपालमा पनि कार्यकारी प्रमुख प्रधानमन्त्री हुने भएकाले यो संस्था प्रधानमन्त्री कार्यालय मातहत नै रहनु स्वाभाविक हो,' उनले थपे, 'तर, घरिघरि यताउता सार्न मिल्ने गरी कमजोर कानुनी छिद्रहरू राख्नुहुँदैन। जसरी नेपाल प्रहरी र सशस्त्र प्रहरी बल गृह मन्त्रालयअन्तर्गत रहने स्थायी व्यवस्था छ, त्यसैगरी गुप्तचर पनि प्रधानमन्त्री मातहत नै रहने गरी ऐन संशोधन गरेर स्थायित्व दिनुपर्छ।'

» बाँकी पृष्ठ ६